पालिभाषाको पाठ्यक्रम
माध्यमिक शिक्षा
कक्षा - ९ र १०

२०६७

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

क्र.सं.	विषयवस्तु	पृष्ठसङ्ख्या
१.	परिचय	१
२.	साधारण उद्देश्य	१
३.	विशिष्ट उद्देश्य (कक्षा ९)	२
४.	विधाको क्षेत्र र क्रम तालिका (कक्षा ९)	४
५.	पाठ्यवस्तुको विशेष स्पष्टीकरण (कक्षा ९)	७
६..	अङ्क विभाजन तालिका	९
७.	शिक्षणसिकाइ क्रियाकलाप	११
८.	मूल्याङ्कन प्रक्रिया	१३
९.	द्रष्टव्य	१३
१०.	पालिभाषाको पाठ्यक्रम (कक्षा १०)	१४
११.	परिचय	१४
१२.	साधारण उद्देश्य	१४
१३.	विशिष्ट उद्देश्य (कक्षा १०)	१५
१४.	विधाको क्षेत्र र क्रम तालिका (कक्षा १०)	१७
१५.	पाठ्यवस्तुको विशेष स्पष्टीकरण (कक्षा १०)	२०
१६.	अङ्क विभाजन तालिका (कक्षा १०)	२५
१७.	शिक्षण क्रियाकलाप	२६
१८.	मूल्याङ्कन प्रक्रिया	२८
१९.	द्रष्टव्य	२९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पालिभाषाको पाठ्यक्रम माध्यमिक शिक्षा

कक्षा ९

(क) परिचय

पालिभाषा माध्यमिक तहको पाठ्यक्रममा ऐच्छिक प्रथम पत्रको रूपमा भाषा समूहमा समावेश गरिएको विषय हो । यस भाषाका आफ्नै मूलभूत विशेषताहरू छन् । पालिभाषासँग नेपाल र नेपालीको भावनात्मक सम्बन्ध रहेको छ । बुद्ध दर्शनका धार्मिक ग्रन्थहरू पालिभाषामा लिपिबद्ध छन् । पालिभाषाको संस्कृत र नेपाली भाषासँग पनि नजिकको सम्बन्ध हरेको छ । पालिभाषा नेपाली भूमिमा नै उत्पत्ति भएको प्राचीन भाषा मानिन्छ । यो शास्त्रीय भाषा हो । यसको शिक्षण गर्न सर्वप्रथम त पाठ्यक्रमको आवश्यकता पर्छ । नेपालमा यस भाषाको पठनपाठन विद्यालय शिक्षामा हालसम्म नभएको भए तापनि श्रीलङ्का, थाइलैण्ड बर्मा, भारत, जमर्नी र अमेरिका आदि देशहरूमा विश्वविद्यालयस्तर तहसम्म पठनपाठन भएको पाइन्छ ।

ऐच्छिक विषयअन्तर्गत भाषा समूहमा राष्ट्रिय, अन्तर्राष्ट्रिय र संयुक्त राष्ट्र सङ्घीय भाषाहरूले विशेष स्थान पाएका छन् । त्यसै सन्दर्भमा पालिभाषा पनि पाठ्यक्रममा समावेश गरिएको छ । पालि भाषाको माध्यमबाट पालिभाषामा उल्लेख गरिएका धर्म, दर्शन, ज्ञान, विज्ञान तथा कला र साहित्यका बारेमा परिचित हुनाले नेपाल र नेपालीको भविष्यमा सुनौलो अध्याय थपिन सक्छ । यसको अध्ययनले असल, चरित्रवान र नैतिक नागरिक बनाउन सहयोग गर्नेछ । यसका लागि त सर्वप्रथम पालिभाषाको जानकारी हुनुपर्छ । यसै उद्देश्यले कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थीलाई विशेष अवसर प्रदान गर्न पालिभाषाको प्रस्तुत पाठ्यक्रम निर्माण भएको हो । १५० घण्टा वार्षिक पाठ्यभार तथा १०० पूर्णाङ्कलाई आधार मानी यो पाठ्यक्रम तयार गरिएको छ । विषयगत रूपमा तयार गरिएको यो पाठ्यक्रमलाई मूलतः भाषापरक पाठ्यक्रम मान्न सकिन्छ । कक्षा ९ मा अध्ययन गर्न चानहने विद्यार्थीका लागि भने पालिभाषाको पूर्व ज्ञान आवश्यक नहुन सक्छ ।

(ख) साधारण उद्देश्य

माध्यमिक तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू पालिभाषासँग सम्बन्धित निम्नलिखित कार्यहरू गर्न सक्षम हुने अपेक्षा गरिएको छ :

१. पालिभाषाका वर्णमालाका सम्बन्धमा सामान्य रूपमा परिचय दिन ।

२. मौखिक अभिव्यक्ति सुनी तदनुरूप प्रतिक्रिया व्यक्त गर्न ।

३. बोल्दा तथा पढ्दा शब्दहरू शुद्धसँग उच्चारण गर्न ।

४. कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफलजस्ता गतिविधिमा सामान्य रूपमा विचार व्यक्त गर्न ।

५. देखेका, सुनेका र पढेका घटना तथा विषयवस्तुहरू बुझी तिनका आधारमा मौखिक प्रश्नोत्तर गर्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. लिखित सामग्रीहरूलाई गति, यति र लय मिलाई भावअनुसार शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न ।

७. कथा, कविता, निबन्ध आदि साहित्यिक रचना रूचि लिई सस्वर र मौन रूपमा पढ्न ।

८. लिखित सामग्रीलाई विभिन्न प्रयोजनका लागि पढ्ने बानीको विकास गर्न ।

९. शुद्धसँग हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नहरू मिलाई लेख्न ।

१०. व्यवहारमा उपयोगी हुने पत्रहरू लेख्न ।

११. स्वतन्त्र रूपमा अनुच्छेद, दैनिकी र निबन्धको रचना गर्न ।

१२. बोल्दा तथा लेख्दा सन्दर्भअनुसार शिष्ट र उपयुक्त शब्दको प्रयोग गर्न ।

१३. पालिभाषाको माध्यमबाट सम्बन्धित साहित्य, संस्कृति, नैतिक शिक्षा, धार्मिक ज्ञान आदिको बारेमा बताउन र तिनीहरूलाई प्रयोग गर्न ।

१४. पालिव्याकरणका आधारभूत नियमको पालना गरी भाषिक व्यवहार गर्न ।

१५. पालि शब्दकोशको प्रयोग गर्न ।

१६. विभिन्न विषयवस्तु पढी पालिभाषामा शब्दज्ञान बढाउन ।

१७. नेपालीबाट पालि र पालिबाट नेपाली भाषामा अनुवाद गर्न ।

१८. पालिभाषामा उच्च शिक्षा हासिल गर्ने क्षमता विकास गर्न ।

(ग) विशिष्ट उद्देश्य (कक्षा ९)

- **सुनाइ र बोलाइ**

१. पालिभाषाका वर्णमालाको परिचयको सम्बन्धमा भएको छलफल सुनी त्यसबारेमा आफ्नो धारणा व्यक्त गर्न ।

२. पालिभाषाका शब्दहरूको शुद्ध, स्पष्ट र व्याकरण सम्मत उच्चारण गर्न ।

३. आफूले देखेका, सुनेका र पढेका विषयवस्तु, वातावरण तथा घटनाका विषयबारेमा सिलसिला मिलाई व्यक्त गर्न ।

४. आफूले भन्न चाहेका कुरा शिष्ट र उपयुक्त शैलीमा अभिव्यक्ति दिन ।

५. आफ्ना अनुभवहरू व्याकरण सम्मत ढङ्गले व्यक्त गर्न ।

६. मौखिक रूपमा अभिव्यक्त भएका विषयवस्तु बुझी मुख्य मुख्य कुरा आफ्ना शब्दमा भन्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

- **पढाइ**

१. लिखित सामग्री गति, यति र लय मिलाई स्पष्टसँग सस्वरवाचन गर्न ।

२. लिखित सामग्री मौनवाचन गरी पढाइको गति विकास गर्न ।

३. मुख्यमुख्य कुराहरू बुझ्ने गरी निर्धारित पाठ पढ्न ।

५. छन्द मिलाई निर्धारित पद्य पढ्न ।

६. निर्धारित पाठ पढी शब्दभण्डार वृद्धि गर्न ।

- **लेखाइ**

१. वर्णविन्यास (हिज्जे) र लेख्य चिह्नहरू मिलाई सफा र स्पष्टसँग लेख्न ।

२. निर्देशित विषयहरूमा स-साना अनुच्छेद लेख्न ।

३. आफूले देखेका, सुनेका घटना बारेमा लिखित वर्णन गर्न ।

४. मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदाटिपोट गर्न र सारांश लेख्न ।

५. पाठ्यपुस्तकमा समावेश भएका पाठ तथा तिनका विशिष्ट अंशहरूको व्याख्या गर्न ।

७. लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभूत नियम पालन गर्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(घ) विधाको क्षेत्र र क्रम तालिका

कक्षा - ९

(साहित्य खण्ड)

क्र. सं.	विधा	उपविधा	विषयवस्तुको क्षेत्र	*शिक्षण विधि	*शैक्षिक सामग्री	पाठ्य भार	पूर्णाङ्क	पाठ
१.	गद्य	कथा	(क) लोक कथा -१ (ख) जातक कथा -१ (ग) नीति कथा -१			४०	३०	३
		रूपक	(क) संवाद -१ (खं) घरायसी पत्र -१					२
		जीवनी	(क) राष्ट्रिय -२ (ख) अन्तर्राष्ट्रिय -१					३
		निबन्ध/ प्रबन्ध	(क) सामाजिक -२ (ख) सांस्कृतिक -१					३
२.	पद्य	कविता	(क) स्तुति कविता -२ (ख) नीति कविता -२ (ग) फुटकर कविता -२ (कविताको सम्बन्धित छन्द तथा अलङ्कार)			३०	२०	६
३	अनुवाद		नेपालीबाट पालि र पालिबाट नेपालीमा अनुवाद			२०	१०	
	जम्मा					९०	६०	१७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्याकरण खण्ड (भाषा तत्त्व)

क्र. सं.	विधा	उपविधा	विषयवस्तुको क्षेत्र	शिक्षण विधि	शैक्षिक सामग्री	पाठ्य भार	पूर्णाङ्क	पाठ
१.	वर्ण	(क) परिचय (ख) किसिम	पालिसर			५	५	
२.	शब्द	(अ) शब्द वर्ग (क) नाम (ख) सर्वनाम (ग) विशेषण (घ) क्रियापद (ङ) अव्यय	परिचय, प्रकार			२५	१०	
		(आ)शब्द निर्माण (क) सन्धि	परिचय र प्रकार, सन्धि तथा विच्छेद					
		(ख) उपसर्ग र प्रत्यय	उपसर्ग र प्रत्यय (कृत, तद्धित आदि) को परिचय र शब्द निर्माण					
		(ग) समास	(१) परिचय र प्रकार (२) समास तथा विग्रह					
		(घ) शब्द रूपावली	पुलिङ्ग, स्त्री लिङ्ग र नपुंसक लिङ्ग शब्द, सर्वनाम शब्द तथा संख्या वाचक शब्द					
		(इ) शब्द भण्डार	व्याकरणमा आधारित पालि शब्दकोशका आधारमा शब्द ज्ञान तथा वाक्यमा प्रयोग (क) पर्यायवाची शब्द आदि (ख) विशेषोक्ति वा उद्धरण (ग) तुक्का तथा तथा					

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

			विशिष्ट पदावली					
३.	धातु	(क)आत्मनेपद (ख) परस्मैपद	भुवादिदेखि रुधादि गणसम्मका निश्चित धातुको लट्, लुट, लोट लङ् र लिङ्लकारका रुपावलीको ज्ञान			१५	१०	
४.	वाक्य					१५	१५	
		(क) वाक्य	परिचय, प्रकार र परिवर्तन					
		(ख) पद संगति	लिङ्ग, वचन र पुरुष					
		(ग) वाच्य	परिचय, प्रकार र परिवर्तन					
		(घ) कारक र विभक्ति	परिचय, भेद र प्रयोग					
		(ङ) काल, भाव र पक्ष	परिचय, प्रकार र परिवर्तन					

*शिक्षण विधि र शैक्षिक सामग्री पेज नं. १० मा उल्लेख गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाठ्यवस्तुको विशेष स्पष्टीकरण

कक्षा - ९

१. पालि वर्णमाला परिचय

(क) स्वर, व्यंजन र तिनको उच्चारण

२. शब्दवर्ग

(क) नाम, सर्वनाम, विशेषण र तिनको रुपावली

३. क्रिया, काल, पुरुष, वर्तमानकाल "पठ" धातु र "भू" आदिगणका धातुहरू (क्रिया) न्यूनातिन्यून दश (१०) धातुहरू ।

४. अकारान्त नपुंसकलिङ्ग शब्द

५. आकारान्त स्त्रीलिङ्ग शब्द

६. इकारान्त पुलिङ्ग शब्द

७. इकारान्त स्त्रीलिङ्ग शब्द

८. ईकारान्त पुलिङ्ग शब्द

९. ईकारान्त नपुंसकलिङ्ग शब्द

१०. ईकारान्त स्त्रीलिङ्ग शब्द

११. उकारान्त पुलिङ्ग शब्द

१२. अलिङ्ग शब्द "अम्ह" "तुम्ह", "सब्ब" "कि" "य एत" "इम" "अमु" आदि शब्द

१३. उकारान्त स्त्रीलिङ्ग शब्द

१४. सर्वनाम शब्द

१५. संख्यावाचक शब्द



१६. विभक्तिभेद
पठमा, दुतिया, ततिया, चतुत्थी, पञ्चमी, छट्ठी, सत्तमी, आलपन (सम्बोधन)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१७. कारक

क) पठमा विभत्ति

ख) दुतिया विभत्ति

ग) ततिया विभत्ति

घ) चतुत्थी विभत्ति

ङ) पञ्चमी विभत्ति

च) छट्ठी विभत्ति

छ) सत्तमी विभत्ति

ज) आलपन

१८. वाच्य परिवर्तन

क) कर्तृवाच्य

ख) भाववाच्य

ग) कर्मवाच्य

१९. अनुवाद

पालिबाट नेपालीमा

नेपालीबाट पालिमा

२०. सन्धिको सामान्य परिचय

२१. समासको प्रकार

२२. इत्थी प्रत्यय

साहित्य

(क) बुद्धको जीवनी

(ख) सीहचम्मजातक

(ग) बुद्धजीवनी (सन्तिके निदान)

(घ) सुभासितानी

(ङ) काको लुकानं वेरुप्पत्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

		पृष्ठ
१	"पञ्चसील," *बुद्धपूजा विधि*	१-४
२.	*"सिङ्गालसुत्त,"* दीघनिकायो, ततियो भागो	१३६-१४६ *(गाथा पानातिपातं)*
३.	*"मट्ठकुण्डलीवत्थु,"* धम्मपद-अट्ठकथा, पठमो भागो	१६-१७
४.	"पटाचाराथेरीगाथावण्णना," *थेरीगाथा-अट्ठकथा*	१२०-१२४
५.	"किसागोतमीथेरीगाथावण्णना," *थेरीगाथा-अट्ठकथा*	१९६-१९८

अङ्क विभाजन तालिका (कक्षा -९)

क्षेत्र	मूल्याङ्कनको आधार	विधा	अङ्कभार (प्रतिशतमा)
व्याकरण खण्ड	१. सैद्धान्तिक ज्ञान	वर्ण, शब्द, धातु र वाक्य	५
	२. वर्णविन्यास	वर्ण तथा शब्द	५
	३ .शब्द पहिचान तथा वाक्य निर्माणको अभ्यास	• शब्द पहिचान तथा वाक्य बनोट • शब्दलाई वाक्यमा प्रयोग	५
	४. शब्द तथा धातु रुपावली	सुवन्त र लितङ्न्त प्रक्रिया	१०
	५. अनुवाद	नेपालीबाट पालि र पालिबाट नेपालीमा	१०
	६. पदसङ्गति तथा वाक्य परिवर्तन र संश्लेषण	• लिङ्ग, वचन तथा पुरुष, • काल, भाव, पक्ष एवम् • सरल, संयुक्त र मिश्र वाक्य आदि ।	१०
गद्य	७. बोध	कथा, निबन्ध, जीवनी वा अन्य लेखरचनाबाट दृष्टांश वा अदृष्टांश	५
गद्य	८. सारांश	कथा, निबन्ध, जीवनी आदिबाट दृष्टांश	५
गद्य	९. निर्देशित रचना (अदृष्टांश)	• कथा वा जीवनी लेखन	५
गद्य	१०. स्वतन्त्र रचना	(क) निबन्ध	५
		(ख) चिठी, संवाद	५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गद्य/पद्य	११. व्याख्या/ सप्रसङ्ग व्याख्या	कविता, कथा, निबन्ध, जीवनी	५
गद्य/पद्य	१२. सङ्क्षिप्त उत्तर	कथा, कविता, निबन्ध, जीवनी	१५
गद्य/पद्य	१३. विवेचनात्मक	कथा, निबन्ध, जीवनी	१०
		जम्मा	१००

शिक्षण विधि

प्रश्नोत्तर, छलफल, वर्णन, अनुकरण, प्रयोग, अनुवाद, खेल, अवलोकन, निगमन, आगमन, खोज आदि । विद्यार्थी केन्द्रित शिक्षणसिकाइ विधिहरू पालिभाषाको शिक्षणसिकाइलाई प्रभावकारी बनाउन उपयोग गर्नुपर्ने हुन्छ ।

शैक्षिक सामग्री

कक्षाकोठामा नियमित प्रयोगमा आउने शैक्षिक सामग्री, पालिग्रन्थ, शिक्षक निर्मित शैक्षिक सामग्री, स्थानीय रूपमा उपलब्ध ठोस सामग्री तथा बजारबाट खरिद गरिने शैक्षिक सामग्रीको उपयोग पालिभाषाको शिक्षणमा आवश्यक मानिन्छ । पालिभाषाका सम्बन्धित आधिकारिक कृतिहरूलाई पनि सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरी पालिभाषाको शिक्षणसिकाइलाई प्रभावकारी तुल्याउनुपर्छ ।

विषयवस्तु

पालिभाषाको माध्यमबाट संप्रेषण गरिने विषयवस्तु विशेष गरेर पालिवाङ्मयमा आधारित तथा बुद्ध दर्शनसँग सम्बन्धित विद्यार्थीहरूका अनुभवभित्रका र उनीहरूका लागि उपयोगी हुने किसिमका हुने छन् ।

व्याकरण तथा कोश

पालिभाषाका प्रचलित तथा प्रमुख शब्द तथा धातु रूपावलीको निर्माण र प्रयोग नमुनाका लागि प्रतिनिधिमूलक रूपमा पालिभाषाको व्याकरणका आधारमा सङ्कलन र छनोट गर्नुपर्ने छ । पालि भाषाको आधिकारिक व्याकरणलाई पनि प्रस्तावित गर्न सकिने छ । पालिभाषामा शब्द भण्डारको क्षमता हासिल गर्न पालिभाषाको शब्दकोशको उपयोग पनि आवश्यक मानिन्छ ।

शिक्षणसिकाइ क्रियाकलाप

(क) सुनाइ क्रियाकलाप

१. पाठमा प्रयुक्त शब्दहरू उच्चारण गरी सुनाउने र उच्चारण गर्न लगाउने ।

२. पाठका अंश पढ्ने र त्यसका आधारमा प्रतिक्रिया व्यक्त गर्न लगाउने ।

३. पाठका अप्ठ्यारा शब्दहरूको श्रुतिलेखन गराउने ।

४. कथा, गाथा, जीवनी आदिका आधारमा श्रुतिबोधको अभ्यासमा जोड दिने ।

५. प्रश्नको उत्तर दिनुपर्छ भन्ने गरी विद्यार्थीलाई मौखिक अभिव्यक्तिहरू सुन्न लगाउने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. आफूले सुनेका कुरा अरूलाई बुझाउने गरी सुन्न लगाउने ।

(ख) बोलाइ क्रियाकलाप

१. भाषाका कर्ता, कर्म, क्रिया भएका सरल वाक्यमा विचार व्यक्त गर्न लगाउने ।

२. सरल शब्दका वाक्य प्रयोग गरी आपसमा खास विषयलाई लिएर छलफल गर्न लगाउने ।

३. आपसमा वार्तालाप गर्न लगाउने ।

४. आफूले देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुका बारेमा कुराकानी गर्न लगाउने ।

५. वतृत्वकला, वादविवाद, भाषण, प्रवचन जस्ता कार्यक्रममा भागलिन र बोल्न प्रेरित गर्ने ।

६. पाठको सम्बन्धित विषयवस्तुका बारेमा शिक्षक विद्यार्थी तथा विद्यार्थीहरूका बीच प्रश्नोत्तर गर्ने गराउने ।

७. शैक्षिक भ्रमण तथा परियोजना कार्यको अनुभवलाई मौखिक रूपमा प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।

८. मौखिक रूपमा भाषिक खेल खेलाउने ।

(ग) पढाइ क्रियाकलाप

१. पालिभाषाका शब्दहरूलाई शुद्धोचारण गरी पढ्न लगाउने ।

२. पाठका अंश गति, यति र लय मिलाएर सस्वर रूपमा पढ्न लगाउने ।

३. गद्य, पद्य पाठका व्याख्या, विश्लेषण, भावविस्तार र बोधात्मक उत्तर दिन सक्ने गरी मौन रूपमा पढ्न लगाउने ।

४. पाठमा प्रयुक्त भाव बुझ्ने गरी द्रुत रूपमा पढ्न लाउने ।

५. चित्र, संकेत, सूचना आदिका माध्यमबाट त्यसमा रहेको भाव अध्ययन गर्ने बानी बसाल्ने ।

६. अल्पविराम, अर्धविराम, प्रश्न चिह्न, पूर्णविराम, उद्‌गारचिह्न आदिको ख्याल गरी पढ्न प्रेरित गर्ने ।

७. समूहमा तथा व्यक्तिगत रूपमा पढ्न अभ्यास गराई विभिन्न अवस्थामा विभिन्न प्रयोजनका लागि पढ्ने क्षमताको विकास गर्ने ।

(घ) लेखाइ क्रियाकलाप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. श्रुतिलेखनका माध्यमबाट पाठमा प्रयुक्त कठिन लाग्ने शब्दहरू वर्ण विन्यासलाई ख्याल गरी लेख्न लगाउने ।

२. पढेका, सुनेका, देखेका र अनुभव गरेका विषयवस्तुलाई प्रश्नोत्तरको रूपमा शुद्धसँग लेख्न लगाउने ।

३. शुद्धसँग वाक्यहरू निर्माण गर्न लगाउने ।

४. निर्धारित शीर्षकमा लेख, प्रबन्ध, निबन्ध आदि लेख्न लगाउने ।

५. घरायसी, कार्यालयीय, व्यापारी, पत्र लेख्न लगाउने ।

६. पालिभाषाका पादविराम, अर्धविराम, उद्‌गार चिह्न, प्रश्नवाचक चिह्न, पूर्णविराम आदिको प्रयोग गरेर अनुच्छेद लेख्न लगाउने ।

७. पठित पाठ्यांश वा विशिष्ट पङ्‌तिको भाव विस्तार वा व्याख्या गर्न लगाउने ।

८. पालिभाषाका सामान्य, प्राविधिक र पारिभाषिक शब्दहरूको प्रयोग गरी उचित किसिमका वाक्य लेख्न लगाउने ।

९. व्याकरणका आधारमा आधारभूत तत्त्व बुझेर सो सम्बन्धमा सोधिएका निर्धारित प्रश्नहरूको उत्तर लेख्न लगाउने ।

१०. पालिभाषामा साहित्य सिर्जना गर्ने रुचि बढाउन कक्षकार्य तथा गृहकार्यका रूपमा प्रतियोगिता क्रियाकलापको सञ्चालन गर्ने ।

११. लिखित रूपमा भाषिक खेल खेल्न अभिप्रेरित गर्ने ।

१२. पाठ्यपुस्तकको सम्बन्धित पाठको अभ्यासमा दिएका अभ्यासात्मक क्रियाकलाप पूरा गर्न आवश्यक सहयोग पुऱ्याउने ।

(ङ) मूल्याङ्कन प्रक्रिया

मूल्याङ्कन दुई किसिमको हुने छ : निर्माणात्मक र निर्णयात्मक । कक्षा शिक्षणअन्तर्गतको निरन्तर मूल्याङ्कन निर्माणात्मक हुन्छ भने कक्षोन्नतिका लागि लिइने अन्तिम परीक्षा निर्णयात्मक हुन्छ । निर्माणात्मक मूल्याङ्कनअन्तर्गत विद्यार्थीका कार्यकलापको निरीक्षण, सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन जस्ता कुराहरू पर्छन् । पालिभाषाको मूल्याङ्कन क्रममा उद्देश्यमा उल्लिखित सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपको मापन गरिने छ ।

भाषाका सुनाइ, बोलाइ, उच्चारण, वाचन जस्ता सीपहरूको मूल्याङ्कन निर्माणात्मकअन्तर्गत नै गरिने छ । कक्षाशिक्षणकै क्रममा शिक्षकले आन्तरिक मूल्याङ्कनको रूपमा निर्माणात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आन्तरिक मूल्याङ्कन गर्दा भाषिक सीप सम्बन्धमा सिकाइलाई लिएर विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई विशेष रूपमा ख्याल गर्नुपर्ने हुन्छ । प्रत्येक विधालाई एक एकाइ मानेर त्यसअनुसार आन्तरिक मूल्याङ्कनका रूपमा एकाइ तथा त्रैमासिक परीक्षा सञ्चालन गर्नु पर्छ । भाषिक मूल्याङ्कनमा औपचारिक, अनौपचारिक, मौखिक, लिखित र प्रयोगात्मक आदि परीक्षाको उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ ।

द्रष्टव्य

- विवेचनात्मकमा विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गरिने छ ।
- पाठगत मूल्याङ्कनमा विभिन्न गद्य, पद्य विधाका पाठको विषयवस्तु, मूल भाव, घटना, सन्देश, पात्र आदिका सम्बन्धमा परीक्षण गरिने छ ।
- बोधअन्तर्गत अदृष्टांश गद्य अनुच्छेदबाट पठन बोध क्षमताको परीक्षण गरिने छ ।
- सुनाइ र बोलाइको परीक्षण कक्षागत सिकाइका अङ्गका रूपमा गरिने छ ।
- कक्षा ९ को पालि विषयको पाठ्यांश भार प्रतिहप्ता ५ घन्टी र वार्षिक १५० घन्टी निर्धारण गरिएको छ ।
- भाषातत्त्व/व्याकरण शिक्षणका लागि छुट्टै घन्टी नदिई विधागत शिक्षणकै क्रममा एकीकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ ।

पालिभाषाको पाठ्यक्रम माध्यमिक शिक्षा

कक्षा १०

(क) परिचय

पालिभाषा माध्यमिक तहको पाठ्यक्रममा ऐच्छिक प्रथम पत्रको रूपमा भाषा समूहमा समावेश गरिएको विषय हो । यस भाषाका आफ्नै मूलभूत विशेषताहरू छन् । पालिभाषासँग नेपाल र नेपालीको भावनात्मक सम्बन्ध रहेको छ । बुद्ध दर्शनका धार्मिक ग्रन्थहरू पालिभाषामा लिपिबद्ध छन् । पालिभाषाको संस्कृत र नेपाली भाषासँग पनि नजिकको सम्बन्ध हरेको छ । पालिभाषा नेपाली भूमिमा नै उत्पत्ति भएको प्राचीन भाषा मानिन्छ । यो शास्त्रीय भाषा हो । यसको शिक्षण गर्न सर्वप्रथम त पाठ्यक्रमको आवश्यकता पर्छ ।

ऐच्छिक विषयअन्तर्गत भाषा समूहमा राष्ट्रिय, अन्तर्राष्ट्रिय र संयुक्त राष्ट्र सङ्घीय भाषाहरूले विशेष स्थान पाएका छन् । त्यसै सन्दर्भमा पालिभाषा पनि पाठ्यक्रममा समावेश भएको गरिएको छ । पालि भाषाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माध्यमबाट पालिभाषामा उल्लेख गरिएका धर्म, दर्शन, ज्ञान, विज्ञान तथा कला र साहित्यका बारेमा परिचित हुनाले नेपाल र नेपालीको भविष्यमा सुनौलो अध्याय थपिन सक्छ । यसको अध्ययनले असल, चरित्रवान र नैतिक नागरिक बनाउन सहयोग गर्नेछ । यसका लागि त सर्वप्रथम पालिभाषाको जानकारी हुनुपर्छ । यसै उद्देश्यले कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीलाई विशेष अवसर प्रदान गर्न पालिभाषाको प्रस्तुत पाठ्यक्रम निर्माण गरिएको हो । वार्षिक १५० घण्टा पाठ्यभार तथा १०० पूर्णाङ्कलाई आधार मानी यो पाठ्यक्रम तयार गरिएको छ । विषयगत रूपमा तयार गरिएको यो पाठ्यक्रमलाई मूलत: भाषापरक पाठ्यक्रम मान्न सकिन्छ ।

(ख) साधारण उद्देश्य

माध्यमिक तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू पालिभाषासँग सम्बन्धित निम्नलिखित कार्यहरू गर्न सक्षम हुने अपेक्षा गरिएको छ :

१. पालिभाषाका वर्णमालाका सम्बन्धमा वर्णन गर्न ।

२. मौखिक अभिव्यक्ति सुनी तदनुरूप प्रतिक्रिया व्यक्त गर्न ।

३. बोल्दा तथा पढ्दा शब्दहरू शुद्धसँग उच्चारण गर्न ।

४. कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफलजस्ता गतिविधिमा विचार व्यक्त गर्न ।

५. देखेका, सुनेका र पढेका घटना तथा विषयवस्तुहरू बुझी तिनका आधारमा मौखिक प्रश्नोत्तर गर्न ।

६. लिखित सामग्रीहरूलाई गति, यति र लय मिलाई भावअनुसार शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न

७. कथा, कविता, निबन्ध आदि साहित्यिक रचना रुचि लिई सस्वर र मौन रूपमा पढ्न ।

८. लिखित सामग्रीलाई विभिन्न प्रयोजनका लागि पढ्ने बानीको विकास गर्न ।

९. शुद्धसँग हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नहरू मिलाई लेख्न ।

१०. व्यवहारमा उपयोगी हुने पत्रहरू लेख्न ।

११. स्वतन्त्र रूपमा अनुच्छेद, दैनिकी र निबन्धको रचना गर्न ।

१२. बोल्दा तथा लेख्दा सन्दर्भअनुसार शिष्ट र उपयुक्त शब्दको प्रयोग गर्न ।

१३. पालिभाषाको माध्यमबाट सम्बन्धित साहित्य, संस्कृति, नैतिक शिक्षा, धार्मिक ज्ञान आदिको बारेमा बताउन र तिनीहरूलाई प्रयोग गर्न ।

१४. पालिव्याकरणका आधारभूत नियमको पालना गरी भाषिक व्यवहार गर्न ।

१५. पालि शब्दकोशको प्रयोग गर्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१६. विभिन्न विषयवस्तु पढी पालिभाषामा शब्दज्ञान बढाउन ।

१७. नेपालीबाट पालिर पालिबाट नेपाली तथा अन्य भाषाहरूमा अनुवाद गर्न ।

१८. पालिभाषामा उच्च शिक्षा हासिल गर्ने क्षमता विकास गर्न ।

(ग) **विशिष्ट उद्देश्य (कक्षा १०)**

- **सुनाइ र बोलाइ**

१. सन्दर्भअनुसार अभिव्यक्ति सुनेर मौखिक रूपमा व्यक्त गर्न ।

२. पालिभाषाका शब्दहरू शुद्ध र स्पष्ट उच्चारण गर्न ।

३. आफूले देखेसुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई भाव व्यक्त गर्न ।

४. आफूले भन्न चाहेका कुरालाई शिष्ट र उपयुक्त भाषाशैलीमा अभिव्यक्ति दिन ।

५. मौखिक रूपमा अभिव्यक्त भएका विषयवस्तु बुझी आफ्ना शब्दमा मुख्यमुख्य कुरा भन्न ।

६. विभिन्न गाथा र पद्यका माध्यमबाट सुनेका नैतिक, सांस्कृतिक, पौराणिक, सामाजिक र समसामयिक मूल्य र मान्यता बुझी आपसमा अन्तरक्रिया गर्न ।

- **पढाइ**

१. लिखित सामग्री गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न ।

२. लिखित सामग्री मौनवाचन गरी पढाइको गति विकास गर्न ।

३. विषयवस्तुको प्रकृतिअनुसार मुख्य मुख्य कुराहरू बुझ्ने गरी पढ्न ।

४. निर्धारित पाठहरू तथा तिनका विशिष्ट अंशहरू व्याख्या एवम् विवेचना गर्न सक्ने गरी पढ्न ।

५. पाठ्यपुस्तकका पाठमा प्रस्तुत गरिएका विषयवस्तुहरू पढी सोअनुसार शब्दभण्डार वृद्धि गर्न ।

६. छन्द मिलाई निर्धारित पद्य पढ्न तथा सम्बन्धित छन्दका बारेमा सामान्य जानकारी राख्न ।

७. लिखित सामग्री विभिन्न प्रयोजनका लागि पढ्नुपर्छ भन्ने भावनाबाट अभिप्रेरित भई त्यस किसिमको सीप हासिल गर्ने दृष्टिबाट पढ्न ।

८. पालिभाषाको शब्दज्ञान विकास गर्न ।

- **लेखाइ**

१. वर्णविन्यास (हिज्जे) र लेख्य चिह्नहरू मिलाई लेख्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. सफा र स्पष्टसँग लेख्न र लेखेको कुरा सच्याउन ।

३. निर्देशित विषयहरूमा अनुच्छेद लेख्न ।

४. आफूले देखेका, सुनेका र पढेका घटना तथा विषयवस्तुका बारेमा लिखित वर्णन गर्न ।

५. मौखिक तथा लिखित अभिव्यक्तिहरूका आधारमा बुँदाटिपोट गर्न र सारांश लेख्न ।

६. पाठ्यपुस्तकमा दिइने पाठ तथा तिनका विशिष्ट अंशहरूको व्याख्या, सप्रसङ्ग उल्लेख र विवेचना गर्न ।

७. आफ्ना अनुभवहरूलाई पालिभाषामा लिखित रूपमा सिलसिला मिलाएर व्यक्त गर्न ।

८. पालि व्याकरणका आधारभूत नियम पालन गरी खासखास सामग्रीहरूलाई लिखित रूपमा तयार गर्न ।

९. पालि व्याकरणका विभिन्न पक्षका बारेमा वस्तुगत जानकारी हासिल गरी त्यसलाई लिखित अभिव्यक्तिमा उपयोग गर्न ।

(घ) विधाको क्षेत्र र क्रम तालिका

कक्षा - १०

२. साहित्य खण्ड

क्र. सं.	विधा	उपविधा	विषयवस्तुको क्षेत्र	*शिक्षण विधि	*शैक्षिक सामग्री	पाठ्य भार	पूर्णाङ्क	पाठ
१.	गद्य	कथा	(क) जातक कथा -१ (ख) नीति कथा -२ (ग) सांस्कृतिक कथा -१			४०	३०	४
		रूपक	(क) संवाद -१ (ख) एकाङ्की -१ (ग) कार्यालय पत्र -१					३
		जीवनी	(क) राष्ट्रिय -२ (ख) अन्तर्राष्ट्रिय -१					३
		निबन्ध/ प्रबन्ध	(क) प्राकृतिक -१ .(ख) वैज्ञानिक -१ (ग) सांस्कृतिक -१					३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२.	पद्य	कविता	(क) स्तुति कविता -१ (ख) नीति कविता -१ (ग) फुटकर कविता -३ (घ) काव्यात्मक अंश -२ (कविताको सम्बन्धित छन्द तथा अलङ्कार समेत)			३०	२०	७
३	अनुवाद		नेपालीबाट पालि र पालिबाट नेपालीमा अनुवाद			२०	१०	
					जम्मा	९०	६०	२०

व्याकरण खण्ड (भाषा तत्त्व)

क्र. सं.	विधा	उपविधा	विषयवस्तुको क्षेत्र	शिक्षण विधि	शैक्षिक सामग्री	पाठ्य भार	पूर्णाङ्क	पाठ
१.	वर्ण	(क) स्थान (ख) प्रयत्न	पालिसर			५	५	
२.	शब्द	(अ) शब्द वर्ग (क) नाम (ख) सर्वनाम (ग) विशेषण (घ) क्रियापद (ङ) अव्यय	परिचय र प्रकार			२५	१०	
		(आ) शब्द निर्माण (क) सन्धि	परिचय र प्रकार सन्धि तथा विच्छेद					
		(ख) उपसर्ग र प्रत्यय	उपसर्ग र प्रत्यय (कृत, तद्धित आदि)को परिचय र शब्द निर्माण					
		(ग) समास	(१) परिचय र प्रकार					

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

			(२) शब्द निर्माण तथा विग्रह					
		(घ) शब्द रूपावली	पुलिङ्ग, स्त्रीलिङ्ग, नपुंसक लिङ्ग शब्द					
		(इ) शब्द भण्डार	व्याकरणमा आधारित पालि शब्दकोशका आधारमा शब्द ज्ञान तथा वाक्यमा प्रयोग (क) पर्यायवाची शब्द (ख) विपरीतार्थक शब्द (ग) अनेकार्थक शब्द (घ) पारिभाषिक तथा प्राविधिक शब्द (ङ) विशेषोक्ति वा उद्धरण (च) लोकोक्ति (छ) तुक्का तथा विशिष्ट पदावली					
३.	धातु	(क) अत्तनोपद (ख) परस्सपद	भुवादिदेखि रुधादि गणसम्मका निश्चित धातुको लट्, लुट, लोट लङ् र लिङ्लकारका रुपावलीको ज्ञान			१५	१०	
४.	वाक्य					१५	१५	
		(क) वाक्य	परिचय, प्रकार र परिवर्तन					
		(ख) पद संगति	लिङ्ग, वचन र पुरुष					
		(ग) वाच्य	परिचय, प्रकार र परिवर्तन					
		(घ) कारक र विभक्ति	परिचय, भेद र प्रयोग					
		(ङ) काल, भाव र	परिचय, प्रकार र परिवर्तन					

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

		पक्ष						

*शिक्षण विधि र शैक्षिक सामग्री पेज नं. २६ मा उल्लेख गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाठ्यवस्तुको विशेष स्पष्टीकरण

कक्षा १०

१. पालि वर्णमालाको वर्णन

(क) स्वर व्यजन र तिनको उच्चारण (स्थान प्रयत्न र अल्पप्राण महाप्राण सहित)

३. प्रयत्न परिचय

(क) आभ्यन्तर (ख) बाह्य

विवार, संवार, नाद, घोष, अघोष आदि ।

६. सन्धि परिचय

(क) सरसन्धि (ख) व्यञ्जनसन्धि

(ग) निग्गहीत सन्धि

क	ख	ग
(क) सरोलोपोसरे	(क) व्यञ्जने दीघरस्सा	(क) निग्गहीतं
(ख) परो क्वचि	(ख) सरम्हाद्वे	(ख) लोपो
(ग) न द्वे वा	(ग) चतुत्थदुतियेस्वेसंततियपठमा	ग) परसरस्स
(घ) युवण्णानमेओ लुत्ता	(घ) वितिस्सेवे वा	(घ) वग्गे वग्गन्तो
(ङ) यवासरे	(ङ) एओनमवण्णे	(ङ) येवहिसु ञ्ञो
(च) एओनं		(च) ये संस्स
(छ) गोस्सावङ		(छ) मयदासरे
		(ज) संयोगादिलोपो

प्रत्यय (पच्चय)

७. कितपच्चय

(क) वर्तमानकालिक "कित" (ख) भूतकालिक "कित"

(ग) भविष्यत्कालिक "कित" (घ) पूर्वकालिक "कित"

(ङ) हेत्वर्थ "कित"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८. **तद्धितपच्चय**

(क) तमेत्थस्सत्थीति मन्तु
(ख) वन्त्ववण्णा
(ग) इमिया
(घ) किम्हानिद्धारणेरतर-रन्तमा
(ङ) तरतमिस्मिकियिट्ठातिसये
(च) तमधीते तं जानातिकणिकाच
(छ) णो वा पच्चे
(ज) ण्य दिच्चादीहि
(झ) णो
(ञ) जानादीहि ता
(ट) मज्झादित्विमो
(ठ) कण्णेय्यकयिया

९. **समास**

(क) अव्ययीभाव समास
(ख) तप्पुरिस समास
१. कम्मधारय समास
२. नञ्समास
३. (द्विगु) दिगुसमास
(ग) बहुब्बीहि समास
(घ) द्वन्द समास

१०. **इत्थीपच्चय**

(क) आ
(ख) ङी
(ग) इनी
(घ) नी
(ङ) आनी
(च) ऊ
(छ) ति

११. **कारक**

(क) पठमा विभत्ति
(ख) दुतिया विभत्ति
(ग) ततिया विभत्ति
(घ) चतुट्ठी विभत्ति
(ङ) पञ्चमी विभत्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(च) छट्ठी विभत्ति

(छ) सत्तमी विभत्ति

ज) आलपन

१२.



(क) उपसर्ग

प,	परा,	नि,	नी	ऊ
दु	सं	वि	अव	अनु
परि	अभि	अधि	पति	सु
आ	अति	अपि	अप	उप

१३. **शब्दरूप (तीन लिङ्ग)**

(क) अकारान्त पुल्लिल्ङ्ग

१४. **शब्दरूप, (तीन लिङ्ग)**

१ (क) अकारान्त पुलिङ्ग शब्द

(ख) इकारान्त पुलिङ्ग शब्द

(ग) उकारान्त पुलिङ्ग शब्द

(घ) ऊकारान्त पुलिङ्ग शब्द

(ङ) ओकारान्तपुलिङ्ग शब्द

२. **स्त्रीलिङ्ग**

(क) आकारान्त स्त्रीलिङ्ग

(ख) इकारान्त स्त्रीलिङ्ग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग) ईकारान्त स्त्रीलिङ्ग

(घ) उकारान्त स्त्रीलिङ्ग

(ङ) ऊकारान्त स्त्रीलिङ्ग

३. **नपुंसकलिङ्ग**

(क) अकारान्त नपुंसकलिङ्ग शब्द

(ख) इकारान्त नपुंसकलिङ्ग शब्द

(ग) उकारान्त नपुंसकलिङ्ग शब्द

४. **पुलिङ्ग**

(क) नकारान्त दण्डी आदि ।

(ख) तकारान्त गुणवन्तु आदि ।

(ग) नकारान्त राजा आदि ।

(घ) नकारान्त अत्त आदि ।

५. **नपुंसकलिङ्ग शब्द**

६. **सर्वनाम** (स्त्रीलिङ्ग, पुलिङ्ग, नपुंसकलिङ्ग)

७. (क) अम्ह (ख) तुम्ह

तद् (त) को पुलिङ्ग, स्त्रीलिङ्ग, नपुंसकलिङ्ग

एतको तीनै लिङ्गमा

८. **संख्यावाचकशब्द**

(पाँचसम्म तिनै लिङ्गहरूमा)

९. **संख्या (१) एकदेखि (१००) सयसम्म ।**

१०. **अलंकार र छन्दको सामान्य परिचय ।**

१५. **धातुरूप**

(क) आख्यात/क्रियापद

(ख) परस्सपद अत्तनोपद

(ग) गणपरिचय भुवादि, रुधादि, धातुरूप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. भू　　२ रुध　　३. दिवु

४. कुध्　　५.लिख्　　६. चि

७. की　　८. सु　　९. तनु

१०. कथ

पालि साहित्यको संक्षिप्त परिचय

१. पालि टिपिटकको परिचय

क. विनयपिटक　　ख. सुत्तपिटक　　ग. अभिधम्मपिटक

२. जातककथा

क) उमङ्गजातकको केही अंश　　ख) मतकभत्तजातक

ग) बकजातक　　घ) मसकजातक

ङ) नामसिद्धिजातक

३. धम्मपदको पाँच बग्गो (छनोट)

क) यमकवग्गो　　२ गाथा

ख) लोकवग्गो　　२ गाथा

ग) अप्पमादवग्गो　　२ गाथा

घ) चित्तवग्गो　　२ गाथा

ङ) बालवग्गो　　२ गाथा

अनुवाद

क) नेपालीभाषाबाट पालिभाषामा

ख) पालिभाषाबाट नेपालीभाषामा

ग) संख्या १ (एक) देखि १००० (सहस्स) पर्यन्त

अङ्क विभाजन तालिका (कक्षा १०)

क्षेत्र	मूल्याङ्कनको आधार	विधा	अङ्कभार (प्रतिशतमा)
व्याकरण खण्ड	१. सैद्धान्तिक ज्ञान	वर्ण, शब्द, धातु र वाक्य	५
	२. वर्णविन्यास	वर्ण तथा शब्द	५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

	३. शब्द तथा वाक्य निर्माणको अभ्यास	• शब्द निर्माण तथा वाक्य बनोट • शब्दलाई वाक्यमा प्रयोग	५
	४ शब्द तथा धातु रुपावली ५. अनुवाद	• सुवन्त र तिङन्त प्रक्रिया • नेपालीबाट पालि र पालिबाट नेपालीमा	१० १०
	६. पदसङ्गति तथा वाक्य परिवर्तन र संश्लेषण	लिङ्ग, वचन, पुरूष, वाच्य, काल, भाव, पक्ष एवम् सरल, संयुक्त र मिश्र वाक्य आदि ।	१०
गद्य	७. बोध	कथा, निबन्ध, जीवनी	५
गद्य	८. सारांश	कथा, निबन्ध, जीवनी आदिबाट दृष्टांश	५
गद्य	९. निर्देशित रचना (अदृष्टांश)	कथा वा जीवनी लेखन	५
गद्य	१०. स्वतन्त्र रचना	(क) निबन्ध	५
		(ख) चिठी, संवाद, एकाङ्की	५
गद्य/पद्य	११. व्याख्या/सप्रसङ्ग व्याख्या	कविता, कथा, निबन्ध, जीवनी	५
गद्य/पद्य	१२. सङ्क्षिप्त उत्तर	कथा, कविता, निबन्ध, जीवनी	१५
गद्य/पद्य	१३. विवेचनात्मक	कथा, निबन्ध, जीवनी	१०
		जम्मा	१००

शिक्षण विधि

प्रश्नोत्तर, छलफल, वर्णन, अनुकरण, प्रयोग, अनुवाद, खेल, अवलोकन, निगमन, आगमन, खोज आदि । विद्यार्थी केन्द्रित शिक्षणसिकाइ विधिहरू पालिभाषाको शिक्षणसिकाइलाई प्रभावकारी बनाउन उपयोग गर्नुपर्ने हुन्छ ।

शैक्षिक सामग्री

कक्षाकोठामा नियमित प्रयोगमा आउने शैक्षिक सामग्री, पालिग्रन्थ, शिक्षक निर्मित शैक्षिक सामग्री, स्थानीय रूपमा उपलब्ध ठोस सामग्री तथा बजारबाट खरिद गरिने शैक्षिक सामग्रीको उपयोग पालिभाषाको शिक्षणमा आवश्यक मानिन्छ । पालिभाषाका सम्बन्धित आधिकारिक कृतिहरूलाई पनि सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरी पालिभाषाको शिक्षणलाई प्रभावकारी तुल्याउनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयवस्तु

पालिभाषाको माध्यमबाट संप्रेषण गरिने विषयवस्तु विशेष गरेर पालिवाङ्मयमा आधारित तथा बुद्ध दर्शनसँग सम्बन्धित विद्यार्थीहरूका अनुभवभित्रका र उनीहरूका लागि उपयोगी हुने किसिमका हुने छन् ।

व्याकरण तथा कोश

पालिभाषाका प्रचलित तथा प्रमुख शब्द तथा धातु रूपावलीको निर्माण र प्रयोग नमुनाका लागि प्रतिनिधिमूलक रूपमा पालिभाषाको व्याकरणका आधारमा सङ्कलन र छनोट गर्नुपर्ने छ । पालि भाषाको आधिकारिक व्याकरणलाई पनि प्रस्तावित गर्न सकिने छ । पालिभाषामा शब्द भण्डारको क्षमता हासिल गर्न पालिभाषाको शब्दकोशको उपयोग पनि आवश्यक मानिन्छ ।

शिक्षण क्रियाकलाप

(क) सुनाइ क्रियाकलाप

१. पाठमा प्रयुक्त शब्दहरू उच्चारण गरी सुनाउने र उच्चारण गर्न लगाउने ।

२. पाठका अंश पढ्ने र त्यसका आधारमा प्रतिक्रिया व्यक्त गर्न लगाउने ।

३. पाठका अप्ठ्यारा शब्दहरूको श्रुतिलेखन गराउने ।

४. कथा, गाथा, जीवनी आदिका आधारमा श्रुतिबोधको अभ्यासमा जोड दिने ।

५. प्रश्नको उत्तर दिनुपर्छ भन्ने गरी विद्यार्थीलाई मौखिक अभिव्यक्तिहरू सुन्न लगाउने ।

६. आफूले सुनेका कुरा अरूलाई बुझाउने गरी सुन्न लगाउने ।

(ख) बोलाइ क्रियाकलाप

१. भाषाका कर्ता, कर्म, क्रिया भएका सरल वाक्यमा विचार व्यक्त गर्न लगाउने ।

२. सरल शब्दका वाक्य प्रयोग गरी आपसमा खास विषयलाई लिएर छलफल गर्न लागउने ।

३. आपसमा वार्तालाप गर्न लगाउने ।

४. आफूले देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुका बारेमा कुराकानी गर्न लगाउने ।

५. वतृत्वकला, वादविवाद, भाषण, प्रवचन जस्ता कार्यक्रममा भाग लिन र बोल्न प्रेरित गर्ने ।

६. पाठको सम्बन्धित विषयवस्तुका बारेमा शिक्षक विद्यार्थी तथा विद्यार्थीहरूका बीच प्रश्नोत्तर गर्ने गराउने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७. शैक्षिक भ्रमण तथा परियोजना कार्यको अनुभवलाई मौखिक रूपमा प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।

८. मौखिक रूपमा भाषिक खेल खेलाउने ।

(ग) पढाइ क्रियाकलाप

१. पालिभाषाका शब्दहरूलाई शुद्धोचारण गरी पढ्न लगाउने ।

२. पाठका अंश गति, यति र लय मिलाएर सस्वर रूपमा पढ्न लगाउने ।

३. गद्य, पद्य पाठका व्याख्या, विश्लेषण, भावविस्तार र बोधात्मक उत्तर दिन सक्ने गरी मौन रूपमा पढ्न लगाउने ।

४. पाठमा प्रयुक्त भाव बुझ्ने गरी द्रूत रूपमा पढ्न लाउने ।

५. चित्र, संकेत, सूचना आदिका माध्यमबाट त्यसमा रहेको भाव अध्ययन गर्ने बानी बसाल्ने ।

६. अल्पविराम, अर्धविराम, प्रश्न चिह्न, पूर्णविराम, उद्‌गार चिह्न आदिको ख्याल गरी पढ्न प्रेरित गर्ने ।

७. समूहमा तथा व्यक्तिगत रूपमा पढ्न अभ्यास गराई विभिन्न अवस्थामा विभिन्न प्रयोजनका लागि पढ्ने क्षमताको विकास गर्ने ।

(घ) लेखाइ क्रियाकलाप

१. श्रुतिलेखनका माध्यमबाट पाठमा प्रयुक्त कठिन लाग्ने शब्दहरू वर्ण विन्यासलाई ख्याल गरी लेख्न लगाउने ।

२. पढेका, सुनेका, देखेका र अनुभव गरेका विषयवस्तुलाई प्रश्नोत्तरको रूपमा शुद्धसँग लेख्न लगाउने ।

३. शुद्धसँग वाक्यहरू निर्माण गर्न लगाउने ।

४. निर्धारित शीर्षकमा लेख, प्रबन्ध, निबन्ध आदि लेख्न लगाउने ।

५. घरायसी, कार्यालयीय, व्यापारी पत्र, लेख्न लगाउने ।

६. पालिभाषाका पादविराम, अर्धविराम, उद्‌गर चिह्न, प्रश्नवाचक चिह्न, पूर्णविराम, आदिको प्रयोग गरेर अनुच्छेद, लेख्न लगाउने ।

७. पठित पाठ्यांश वा विशिष्ट पङ्‌तिको भाव विस्तार वा व्याख्या गर्न लगाउने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८. पालिभाषाका सामान्य, प्राविधिक र पारिभाषिक शब्दहरूको प्रयोग गरी उचित किसिमका वाक्य लेख्न लगाउने ।

९. व्याकरणका आधारमा आधारभूत तत्त्व बुझेर सो सम्बन्धमा सोधिएका निर्धारित प्रश्नहरूको उत्तर लेख्न लगाउने ।

१०. पालिभाषामा साहित्य सिर्जना गर्ने रुचि बढाउन कक्षाकार्य तथा गृहकार्यका रूपमा प्रतियोगिता क्रियाकलापको सञ्चालन गर्ने ।

११. लिखित रूपमा भाषिक खेल खेल्न अभिप्रेरित गर्ने ।

१२. पाठ्यपुस्तकको सम्बन्धित पाठको अभ्यासमा दिएका अभ्यासात्मक क्रियाकलाप पूरा गर्न आवश्यक सहयोग पुऱ्याउने ।

(ङ) मूल्याङ्कन प्रक्रिया

मूल्याङ्कन दुई किसिमको हुने छ : निर्माणात्मक र निर्णयात्मक । कक्षा शिक्षणअन्तर्गतको निरन्तर मूल्याङ्कन निर्माणात्मक हुन्छ भने कक्षोन्नतिका लागि लिइने अन्तिम परीक्षा निर्णयात्मक हुन्छ । निर्माणात्मक मूल्याङ्कनअन्तर्गत विद्यार्थीका कार्यकलापको निरीक्षण, सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन जस्ता कुराहरू पर्छन् । पालिभाषाको मूल्याङ्कन क्रममा उद्देश्यमा उल्लिखित सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपको मापन गरिने छ ।

भाषाका सुनाइ, बोलाइ, उच्चारण, वाचन जस्ता सीपहरूको मूल्याङ्कन निर्माणात्मकअन्तर्गत नै गरिने छ । कक्षाशिक्षणकै क्रममा शिक्षकले आन्तरिक मूल्याङ्कनको रूपमा निर्माणात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

आन्तरिक मूल्याङ्कन गर्दा भाषिक सीप सम्बन्धमा सिकाइलाई लिएर विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई विशेष रूपमा ख्याल गर्नुपर्ने हुन्छ । प्रत्येक विधालाई एक एकाइ मानेर त्यसअनुसार आन्तरिक मूल्याङ्कनका रूपमा एकाइ तथा त्रैमासिक परीक्षा सञ्चालन गर्नु पर्छ । भाषिक मूल्याङ्कनमा औपचारिक, अनौपचारिक, मौखिक, लिखित र प्रयोगात्मक आदि परीक्षाको उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ । वाह्य परीक्षाका रूपमा कक्षा १० को एस.एल.सी. परीक्षाको आधार भनेको केवल कक्षा १० को पाठ्यक्रम मात्र मानिन्छ ।

द्रष्टव्य

- विवेचनात्मकमा विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गरिने छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

- पाठगत मूल्याङ्कनमा विभिन्न गद्य, पद्य विधाका पाठको विषयवस्तु, मूल भाव, घटना, सन्देश, पात्र आदिका सम्बन्धमा परीक्षण गरिने छ ।
- बोधअन्तर्गत अदृष्टांश गद्य अनुच्छेदबाट पठन बोध क्षमताको परीक्षण गरिने छ ।
- सुनाइ र बोलाइको परीक्षण कक्षागत सिकाइका अङ्गका रूपमा गरिने छ ।
- कक्षा १० को पालि विषयको पाठ्यांश भार प्रतिहप्ता ५ घन्टी र वार्षिक १५० घन्टी निर्धारण गरिएको छ ।
- भाषातत्त्व/व्याकरण शिक्षणका लागि छुट्टै घन्टी नदिई विधागत शिक्षणकै क्रममा एकीकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection